# चीत्कार कथामा लैङ्गिकता

रेखा रेग्मी, उपप्राध्यापक, नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस, बेनी
निर्मला ढकाल, विद्यावारिधि शोधार्थी, त्रिभुवन विश्वविद्यालय
Email :

**लेखसार**

प्रस्तुत लेखमा कथाकार ध्रुव सापकोटाद्वारा लिखित ‘चीत्कार’ कथाको लैङ्गिक अध्ययन भएको छ । नेपालको पश्चिमी क्षेत्रको ग्रामीण परिवेशमा रहेका वादी समुदायमा रहेको पुस्तौनी यौन व्यवसाय र उक्त व्यवसायका कारण सृजित सामाजिक समस्यामूलकतालाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस कथामा अवशिष्ट पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, नारीवादी दृष्टिकोण र लैङ्गिक प्रतिरोधका कोणबाट लैङ्गिकताको विश्लेषण भएको छ । यो लेख गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषण ढाँचाका साथै व्याख्यात्मक र विश्लेषणात्मक विधिमा तयार भएको छ र यस लेखमा सांस्कृतिक अध्ययनअन्तर्गतको लैङ्गिकता/लैङ्गिक अध्ययन सैद्धान्तिक अवधारणाका रूपमा प्रयोग भएको छ । प्रस्तुत कथाले समाजमा कुप्रथाका रूपमा रहेको वादी समुदायका नारीको यौन व्यवसाय र त्यसको निरन्तरताका दिने क्रममा पितृसत्तात्मक विचारधाराले सृजना गरेको सांस्कृतिक निर्मितिका कारण उच्चवर्ग र पितृसत्ताले निम्नवर्ग र नारीमाथि वर्गीय र लैङ्गिक रूपमा गर्ने शोषण र विभेदका घटनाको चित्रण गरेको छ । सामन्तवादी पितृसत्तात्मक समाज व्यवस्थामा जिजीविषाका लागि नारीले यौन व्यवसाय गर्नुपर्ने, बाँच्ने आधारको खोजीका लागि बलात्कृत हुनुपर्ने तथा पुस्तौनी पेशाका नाममा मृत्युवरण गर्नुपर्ने विचारधाराका विरूद्धमा कथामा प्रतिनिधित्व गर्ने पात्र र लेखकीय प्रतिकार भएको यस कथामा समाजमा विद्यमान लैङ्गिक शोषण, विभेद, नारीवादी दृष्टिकोण र लेखकीय प्रतिरोधलाई प्रभावकारी रूपमा प्रस्तुत भएको छ । प्रस्तुत कथामा सामन्तवादी पितृसत्ताका कारण वञ्चितीकरणमा परेका नारी समुदायको कमजोर प्रतिकारका कारण समाजमा कुप्रथाका रूपमा सामन्तवादी पितृसत्तात्मक विचारधाराको वर्चश्व रहेको तथा त्यही वर्चश्वका कारण विभेदमा परेका नारीहरूको अवस्था अझ जटिल बन्दै गएको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : पितृसत्ता, सामन्तवाद, लैङ्गिक विभेद, नारीवाद, प्रतिरोध

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८०/०७/१२, लेख पुनरावलोकन मिति : २०८०/०८ १३,
लेख स्वीकृत मिति : २०८०/०९/१४ **प्रकाशक** : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर ।

## विषयपरिचय

नेपाली कथा परम्परामा ध्रुव सापकोटा (२००८) समकालीन कालखण्डसम्बद्ध कथाकारका रूपमा परिचित छन् । काथाकार व्यक्तित्वका रूपमा उदाइनसकेको घाम (रूपरेखा २०२८, पुस) कथाबाट साहित्ययात्रा आरम्भ गरेका सापकोटाका प्रतिचक्रव्यूह (२०३२, सहलेखन), उच्चारण (२०३५), नेपथ्य (२०४८), र हामी हाँसिरहेका छौं (२०५२) कथासङ्ग्रहका अतिरिक्त विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा कथाहरू प्रकाशित रहेका छन् । कथाकार सापकोटाकोचीत्कार २०५१ सालमा गरिमा पत्रिकाको जेठ अङ्कमा प्रथमपटक प्रकाशित भई पछि ऋषिराज बरालको सम्पादनमा नेपाली कथा भाग ३ मा सङ्गृहित भई पुनप्र्रकाशित भएको कथा हो । मूलतः सामाजिक समस्यामूलकतामा आधारित कथा लेख्ने सापकोटाले सामाजिक संरचनाले सृजना गरेको जातीय विभेद र त्यसबाट सृजित सामाजिक कुसंस्कारलाई कथाको भावक्षेत्रका लागि खर्चिएका छन् । नेपालको पश्चिम क्षेत्रमा कुप्रथाका रूपमा रहेको वादी समुदायको

सांस्कृतिक निर्मितिका रूपमा जिजीविषासँग सम्बन्धित सामाजिक शोषण र विभेदका घटनालाई आख्यानीकरण गरेको सापकोटाको प्रस्तुत चीत्कार कथा सामन्तवादी पितृसत्ता पक्षधरहरूको उत्पीडनमा परेका नारीको अवस्था र पितृसत्तात्मक दमनका कारण विभेदमा परेको नारी समुदायको अवस्थालाई चित्रण गरिएको कथाका रूपमा रहेको छ ।

महिला र पुरूषका सामाजिक सम्बन्धका आधारमा गरिने अध्ययन नै लैङ्गिक अध्ययन हो भने लैङ्गिक अध्ययन महिला र पुरूषका फरक पहिचानका अतिरिक्त सामाजिक/सांस्कृतिक निर्मिति र सामाजिक व्यवहारका रूपमा रहेका लैङ्गिक मान्यता, विश्वास र सामाजिक संरचनाले निर्माण गरेको ज्ञानको प्रसारण र उपभोगका क्रममा हुने शोषण र विभेदको अवस्थालाई अध्ययन गर्ने पद्धतिका रूपमा आएको मान्यता हो । लैङ्गिक अध्ययनले साहित्यमा चित्रण भएका सामाजिक संरचनामा पितृसत्ताले निर्माण गरेको सामाजिक/सांस्कृतिक, राजनीतिक, शैक्षिक, आर्थिक लगायतका निर्मितिहरूका आधारमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, नारीवाद चेतना, लैङ्गिक प्रतिरोध जस्ता साक्ष्यका आधारमा साहित्यमा अभिव्यञ्जित लैङ्गिक समानता, असमानता, अवसर र विभेद जस्ता सांस्कृतिक निर्मितिको अध्ययन गर्दछ ।

कथाले प्रस्तुत कथामा लैङ्गिक विभेदका घटनाको प्रभावकारी चित्रण गरेका छन् । प्रस्तुत चीत्कार कथाले पश्चिम नेपालको ग्रामीण परिवेशमा देहव्यापारलाई जीवनको आधार मान्ने वादी समुदायका नारी माथि पितृसत्तात्मक विचारधाराले नारीलाई भोग्या, रखौटी र वेश्याका रूपमा उपभोग गर्ने तर पत्नी वा प्रेमिकाको हैसियत नदिने सामन्तवादी समाज व्यवस्थाले नारीलाई हेर्ने दृष्टिकोणलाई प्रस्तुत गरेको छ । कथाकारले यस कथामा पितृसत्ताले कुसंस्कारका रूपमा रहेको पुस्तैनी यौनव्यवसाय गर्न बाध्य पारिएका वादी समुदायका नारीमाथि हुने शोषण, विभेद र दमनको घटनासँगै जिजीविषाका लागि देहव्यापार गर्न बाध्य पारिएको मुख्य विभेदको अवस्थालाई कथामा प्रस्तुत गरेको अन्तर्साक्ष्यका आधारमा प्रस्तुत कथा लैङ्गिक दृष्टिले अध्ययनीय रहेको छ ।

**समस्याकथन**

प्रस्तुत लेख कथाकार ध्रुव सापकोटाको कथाको लैङ्गिक अध्ययन मूल समस्यामा केन्द्रित रहेको छ । कथाकार ध्रुव सापकोटाले समकालीन नेपाली कथा परम्परामा सामाजिक समस्यामूलकतालाई आख्यानीकरण गर्ने कथाकारका रूपमा पहिचान बनाएका छन् । प्रस्तुत चीत्कार २०५१ सालमा गरिमा पत्रिकाको जेठ अङ्कमा प्रथमपटक प्रकाशित भएको कथा हो । कथाकारले प्रस्तुत कथामा अधिकतर कथामा नेपाली समाजअन्तर्गतको पश्चिम क्षेत्रमा रहेको सामाजिक संरचनाभित्र रहेका बादी समुदायका नारीहरूको जनजीविका र समस्यालाई उठान गरी उक्त समाजमा रहेको लैङ्गिक, शोषण, विभेद र वञ्चितीकरण जस्ता विषयलाई प्राथमिकतापूर्वक स्थान दिएका छन् । कथाकारले मूल कथ्य विषयका रूपमा समाजमा कुप्रथाको रूपमा रहेको बादी समुदायको जीवनवृत्तमा सामन्तवादी पितृसत्ताले नारीमाथि लैङ्गिक रूपमा गर्ने शोषण र विभेदका घटना र नियतिका रूपमा पितृसत्ताको विचारधारालाई स्वीकार गरेका नारीहरू विभेदमा परेको अवस्थालाई कथामार्फत् प्रस्तुत गरेका छन् । उपयुक्त मूल समस्यासँग सम्बन्धित भएर आउने निम्नानुसारका शोध्यप्रश्नको केन्द्रीयतामा रही अध्ययनलाई पूर्णता प्रदान गरिएको छ

क चीत्कार कथामा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र लैङ्गिक सम्बन्ध केकस्तो छ ?
ख. कथामा लैङ्गिक विभेद र नारीवादी दृष्टिकोण कसरी प्रस्तुत भएको छ ?
ग. कथामा लैङ्गिक प्रतिरोध किन प्रस्तुत भएको छ ?

उपर्युक्त शोध्यप्रश्नको समाधान गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । समस्या समाधानार्थ कथाको अध्ययन गरी आवश्यक सामग्री संकलन गरी कथाबाट उद्धरणहरु चयन गरी व्याख्या र विश्लेषण भएको छ।

## *शोधविधि*

प्रस्तुत लेखको समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीको रूपमा ध्रुव सापकोटाका द्वारा लिखित चीत्कार कथा रहेको छ। द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन् । सामग्री विश्लेषणका लागि मूलतः गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको मुख्य समालोचना पद्धति मुख्य लैङ्गिक अध्ययनलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ । स्थापित सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि कृतिकेन्द्री अध्ययन पद्धतिको उपयोग गरिएको छ । यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

### सैद्धान्तिक पर्याधार

महिला र पुरूषका सामाजिक सम्बन्धका आधारमा निर्धारित हुने अध्ययन पद्धतिलाई लैङ्गिक अध्ययन भनिन्छ । दास युगको सुरुवात सँगसगैं साम्यवादको अन्त्य भयो । यसैले समाजमा पितृसत्ताको आरम्भ पनि भयो र जसको फलस्वरुप लैङ्गिक असमानताको तथा भेदभावको सुरुवात भयो। (साँस्कृत्यायन, सन् २००८, पृ २३) यसरी समाजमा वर्गको विभेद तथा समाजमा लैङ्गिक भेद पनि देखा पर्न थाल्यो । लैङ्गिक भेद सँगै पितृसत्ताको वर्चस्व स्थापित हुन थाल्यो। प्राचीन ग्रिसेली समाजमा दर्शन, साहित्य इतिहास आदि विषयमा नारी पुरुषका बारेमा उल्लेख भएको पाइन्छ। नारी पुरुषका बारेमा उल्लेख भएतापनि मूलत पितृसत्तालाई केन्द्रमा राखी उल्लेख भएको पाइन्छ। प्लेटोले दास, विदेशी र स्त्रीलाई दार्शनिक चिन्तन तथा बौद्धिक विमर्शजस्तो उत्कृष्ट मानव कार्यबाट टाढा राख्नुपर्ने घोषणा गरेका थिए । (अनामिका, सन् २००१, पृ. १७) प्लेटोले दास त दास भइहाल्यो, विदेशीको कुनै मूल्य भएन र स्त्रीलाई पनि दार्शनिक चिन्तन र बौद्धिक विमर्शबाट टाढा राख्नुपर्ने भनेर लैङ्गिक विभेद गरेको प्रष्टिन्छ। सन् १०७० पछि महिलाहरुमा आत्म चेतना जागरुक भयो । नारीवादी स्वर गुञ्जिरहँदा पनि भिक्टोरीया कालको पूर्वमा बेलायतमा रानीतिक असन्तुलनका कारण लैङ्गिक विषय पनि ओझेलमा पर्यो । (ग्लोभर र कप्लान, सन् २०१६, पृ. १६) सामाजिक र सास्कृतिक असन्तुलनका कारण लैङ्गिक विषय पछि पर्नुका साथै लैङ्गिक विषय ओझेलमा पर्दै गयो र पितृसत्ता भने हावी हुँदै गयो। शारीरिक बनावटको भिन्नताको आधारमा महिला र पुरूषले गर्ने कामको बाँडफाँड, उनीहरूका बीचको असमान शक्तिसम्बन्ध र सामाजिक सांस्कृतिक मान्यतानै लैङ्गिकता हो । यो मान्छेसित उसको जन्मदेखि नै टाँसिएर आउने कुरा होइन, उसको धारणामा पछि विकसित हुने कुरो हो, समाजको बुझाइ र मान्यतामा भर पर्ने कुरा हो (पाण्डे, २०६९, पृ. ९)। लैङ्गिक अध्ययन महिला र पुरूषका भिन्न पहिचानका साथै सामाजिक सांस्कृतिक निर्मिति र सामाजिक व्यवहारका रूपमा रहेका लैङ्गिक मान्यता, विश्वास र सामाजिक संरचनाले निर्माण गरेको ज्ञानको प्रसारण र उपभोगका क्रममा हुने शोषण र विभेदको अवस्थालाई अध्ययन गर्ने पद्धतिका रूपमा विकसित मान्यता हो।

लिङ्ग जैविक निर्मिति हो भने लैङ्गिकता सामाजिक सांस्कृतिक निर्मितिका रूपमा रहेको हुन्छ । लैङ्गिक (जेन्डर)को अवधारणा व्यक्तिको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्ष हो जसको निर्माणमा प्राकृतिक वा जीववैज्ञानिक तत्त्वको कुनै प्रकारको सम्बन्ध वा भूमिका हुँदैन । जैविक र प्राकृतिक तत्त्वको कुनै भूमिका नरहने भएकैले लैङ्गिक अवधारणा सामाजिक सांस्कृतिक अवस्था, परिवेश र दृष्टिकोणअनुसार भिन्न हुन्छ (भट्टराई, २०७७, पृ. १०७)।

लैङ्गिक अध्ययन शरीरसमेत सामाजिक/सांस्कृतिक निर्मितिका रूपमा रहेको छ जसलाई सांस्कृतिक अध्ययनले लैङ्गिक अध्ययनभित्र शरीर राजनीतिका रूपमा पनि अध्ययन गर्दछ । पितृसत्ताको कारण निर्माण भएको सामाजिक सांस्कृतिक, राजनीतिक, शैक्षिक, आर्थिक लगायतका निर्मितिहरूका आधारमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, नारीवादी चेतना, लैङ्गिक प्रतिरोध जस्ता मानकका आधारमा साहित्यमा अभिव्यञ्जित लैङ्गिक समानता, समता, अवसर र विभेद जस्ता सांस्कृतिक निर्मितिको अध्ययन लैङ्गिक अध्ययनअन्तर्गत गरिने अध्ययन पद्धतिको विकास भएको छ ।

लैङ्गिक अध्ययनको दास्रो आधार भनेको पितृसत्ता हो । पितृसत्ता भन्नाले पुरूषको प्रभुता वा वर्चस्व, सर्वोच्चता तथा परिवार र समाजमा पुरूषको शासन, सामाजिक संरचनामा महिलाको परनिर्भरता र पुरूषको महिलामाथिको अधीनतालाई देखाउने सामाजिक/सांस्कृतिक विचारधारालाई बुझाउँछ । पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो जसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरूष मुखियाको अधीनमा रहन्छन् (पाण्डे, २०६९, पृ. ९) । पितृसत्ता समाजमा अवस्थित आर्थिक, राजनीतिक, कानुनी, सामाजिक (सांस्कृतिक, शिक्षा, सञ्चार, धार्मिक) आदि क्षेत्रमा पुरूष वर्चस्वलाई केन्द्रमा राखी निर्माण गरिएको सामाजिक र विचारधारात्मक प्रणालीका रूपमा समाजमा विद्यमान रहेको छ । सांस्कृतिक सन्दर्भमा कुनै वर्ग लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने खोजी नै प्रतिनिधित्व हो । साहित्यमा प्रतिनिधित्वको खोजी पछि परेको समुदाय (निम्न वर्ग, महिला, जनजाति, दलित आदि) वा अल्पसङ्ख्यक समूह माध्यमबाट हुनसक्छ (भट्टराई, २०७०, पृ. ३३६) । प्रतिनिधित्वले सामाजिक जीवनपद्धति सापेक्ष मानवीय आचार र प्रवृत्तिलाई सङ्केत गरेको हुन्छ । प्रतिनिधित्व राजनीतिक निर्मिति हो । राजनीतिमा प्रतिनिधित्व भनेको महिला, जाति, जनजाति, दलित, फरक क्षमता भएका पात्र, तेस्रोलिङ्गी लगायत अल्सङ्ख्यक पात्रको उपस्थिति हो भने लैङ्गिक प्रतिनिधित्वले साहित्यिक संरचनामा लैङ्गिक दृष्टिले पात्रको उपस्थिति र तिनको भूमिकालाई कसरी प्रस्तुत गरिएको छ भन्ने अवस्था देखाउँछ । सांस्कृतिक अध्ययनले प्रतिनिधित्वलाई राजनीतिक विषयको विचाराधारात्मक प्रस्तुतिका रूपमा लिई ऐतिहासिक अवस्थाको विशिष्ट समयको सांस्कृतिक निर्मितिका रूपमा विवेचना गर्ने कार्य गर्दछ ।

लैङ्गिक अध्ययनले सामाजिक संरचनामा रहेका फरक लिङ्गी व्यक्ति/समुदायका बीचको सम्बन्धलाई अध्ययन गर्दछ । प्राकृतिक लिङ्ग व्यवस्थाका आधारमा महिला र पुरूष भिन्न छन् भने सामाजिक सांस्कृतिक सम्बन्धका आधारमा परम्परागत लिङ्गका आधारमा निर्धारण गरिएको सम्बन्धलाई लैङ्गिक सम्बन्ध भनिन्छ (भट्टराई, २०७७, पृ. ६) । सामाजिक/सांस्कृतिक निर्मितिका आधारमा पुरूष र महिला बीच निर्धारण गरिएको सामाजिक सम्बन्धका विविध रूपहरू नै लैङ्गिक सम्बन्धका रूपमा आएका हुन्छन् । सामाजिक संरचनामा लैङ्गिक सम्बन्ध पति–पत्नी, आमा–छोरा, बाबु–छोरी, दाजु–बहिनी, दिदी–भाइआदि अनेकौं सम्बन्धमा जेलिएर रहेको हुन्छ ।

साहित्यमा लैङ्गिक सम्बन्धअन्तर्गत सामाजिक साहित्यिक कृतिको संरचनाभित्र रहेका महिला र पुरूषका विभिन्न अवस्था, भूमिका, चाहनाका अतिरिक्त महिला र पुरूषका काम र भिन्नताका अतिरिक्त उत्पादन सम्बन्धका कारणले सृजित वर्चश्व र अधिनस्थता जस्ता विषयलाई केन्द्रमा राखी अध्ययन र विश्लेषणलाई पूर्णता दिइएको हुन्छ । लैङ्गिक अध्ययनमा लैङ्गिक विभेद र त्यसले निर्माण गरेको सामाजिक सांस्कृतिक निर्मितिको अध्ययन गरिन्छ । यौन वा लिङ्गका आधारमा हुने भेदभाव, अप्रतिनिधित्व, असमानता, वञ्चितीकरण, शोषण र भूमिकाविहीन अवस्थालाई लैङ्गिक विभेद भनिन्छ (भट्टराई, २०७७, पृ. १०७) । लैङ्गिक विभेद पितृसत्ताप्रदत्त विचारधाराका आधारमा बालबालिका र पुरूष महिलामाथि हुने असमान व्यवहार, यौनजन्य हिंसा, शिक्षा र सामाजिक अवसर आदिमा हुने फरक व्यवहार र वञ्चितीकरण जस्ता विषयमा केन्द्रित रहेको हुन्छ । लैङ्गिक विभेद सामाजिक/सांस्कृतिक र राजनीतिक

निर्मिति हो र यसले समाजमा रहेका शिशु, बालिका, वयस्क, अधबैँसे र बृद्ध उमेरका महिलामाथि हुने विभेद, निर्दयी र असमान व्यवहार, फाइदा लिने प्रयोजनले गरिने जबर्जस्ती, स्वार्थसिद्ध गर्न गरिने बेचबिखन, बन्धक, बलात्कार, महिला र पुरूषका बीचको सत्ता सम्बन्ध, महिलाको शरीर र यौनिकतामाथि गरिने नियन्त्रण तथा पितृसत्तात्मक विचारधाराले गर्ने सबै प्रकारका शोषण र असमानताको अध्ययन गर्दछ ।

नारीवाद सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा महिलाका पक्षमा निर्माण गरिएको दार्शनिक र वैचारिक मान्यताका रूपमा रहेको छ । नारीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यवहारिक आन्दोलन जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा नारी जातिको पक्षबाट बोल्दछ, यसमा ती विचार विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ (गौतम, २०५९ पृ. ३४४) । नारीवादले नारीका व्यक्ति/समुदायको हितमा चलाइएको सामाजिक/राजनीतिक आन्दोलनका साथै महिलाहरूले महिलाकै पक्षबाट चलाएको पितृसत्ता विरोधी आन्दोलनका रूपमा सञ्चालित यस विचारधाराले समाजका सबै क्षेत्रबाट लैङ्गिक विभेदको विरोध गरेको छ । सामाजिक/राजनीतिक आन्दोलनका आधारमा सामाजिक निर्मितिका रूपमा रहेको परम्परागत लैङ्गिक मान्यतामा परिवर्तन ल्याई लैङ्गिक समता र समानताको स्थापना गर्ने सैद्धान्तिक र व्यवहारिक आन्दोलनको पक्षधरता यस विचारधाराको रहेको छ ।

लैङ्गिक अध्ययनमा सचेत रूपमा गरिएका व्यक्तिगत वा सामूहिक रूपमा लैङ्गिक विभेद र शोषणजन्य अभिवृत्तिका विरूद्ध गरिएका प्रयास र प्रतिरोधको अध्ययन गर्दछ । समाजमा रहेको पितृसत्तात्मक विचारधाराका विरोधमा महिला र पुरूषको सचेत विरोध र प्रतिकारलाई लैङ्गिक प्रतिरोध भनिन्छ । लैङ्गिक प्रतिरोधले सामाजिक/सांस्कृतिक निर्मितिका रूपमा रहेको शोषण र विभेदको परम्पराका विरूद्धमा व्यक्तिगत र सामूहिक रूपमा गरिने प्रतिरोधको अवस्थालाई बोध गराउँछ । समाजमा रहेका पितृसत्ताप्रदत्त विचारधाराले लादेको दमन र शोषणको पहिचान गरी महिला मुक्तिका निमित्त त्यस्ता महिला हिंसा, शोषण र विभेदका गतिविधि र कार्यका विरोधमा महिलाहरू र समाजका क्रियाशील प्रतिरोधी पक्षको सङ्गठित प्रयत्न र ती गतिविधिका विरूद्धमा उठाइएको प्रतिरोधी चेतनालाई लैङ्गिक प्रतिरोधका रूपमा अभिव्यञ्जित भएका हुन्छन् । पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, नारीवादी चेतना र लैङ्गिक प्रतिकारको चित्रण भएको प्रस्तुत कथा लैङ्गिक अध्ययनका उपर्युक्त मानकका दृष्टिले विश्लेषणीय रहेको छ ।

**नतिजा र विश्लेषण**

महिला र पुरूषका सामाजिक सम्बन्धका आधारमा निर्धारित हुने अध्ययन पद्धतिलाई लैङ्गिक अध्ययन भनिन्छ । लैङ्गिक अध्ययनअन्तर्गत महिला र पुरूषका भिन्न पहिचानका साथै सामाजिक सांस्कृतिक निर्मिति र सामाजिक व्यवहारका रूपमा रहेका लैङ्गिक मान्यता, विश्वास र सामाजिक संरचनाले निर्माण गरेको ज्ञानको प्रसारण र उपभोगका क्रममा हुने शोषण र विभेदको अवस्थालाई अध्ययन गर्ने पद्धतिका रूपमा विकसित गरिएको मान्यता हो । पितृसत्ताको कारण निर्माण भएको सामाजिक सांस्कृतिक, राजनीतिक, शैक्षिक, आर्थिक लगायतका निर्मितिहरूका आधारमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद, नारीवाद चेतना, लैङ्गिक प्रतिरोध जस्ता मानकका आधारमा साहित्यमा अभिव्यञ्जित लैङ्गिक समानता, असमानता, अवसर र विभेद जस्ता सांस्कृतिक निर्मितिको अध्ययन लैङ्गिक अध्ययनअन्तर्गत गरिएको हुन्छ । यस चीत्कार कथामा नारीमाथिको विभेदबाट उत्पन्न विषम अवस्थाका साथै नारीलाई भोग्याका रुपमा उपभोग गर्ने पितृसत्ताका कारण विभेदीकरणमा परेका नारीको चित्रण भएको छ । नारी शरीरलाई हिँसात्मक दमन गरी पुरुषत्व जीवित भएको प्रमाण दिने तथा सामान्य जीवनयापन गर्नका लागि सङ्घर्ष गर्ने नारीमाथि अपराधिक मानिसकता लिएर दमनमा उत्रने सत्ता र पुरुषालाई नारीशोषणका लागि अधिकार प्राप्त सामाजिक संरचनाविरोधी लेखकीय

प्रतिरोध यस कथामा प्रस्तुत भएको छ । नारीवादी दृष्टिले पठनीय यस कथामा यस विषयको विवेचना तलका सन्दर्भमा भएको छ ।

## कथामा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र लैङ्गिक सम्बन्ध

कथाकार ध्रुव सापकोटाले समकालीन नेपाली कथा परम्परामा सामाजिक समस्यामूलकतालाई आख्यानीकरण गर्ने कथाकारका रूपमा पहिचान बनाएका छन् । प्रस्तुत चीत्कार २०५१ सालमा गरिमा पत्रिकाको जेठ अङ्कमा प्रथमपटक प्रकाशित भएको कथा हो । कथाकारले प्रस्तुत कथामा अधिकतर कथामा नेपाली समाजअन्तर्गतको पश्चिम क्षेत्रमा रहेको सामाजिक संरचनाभित्र रहेका बादी समुदायका नारीहरूको जनजीविका र समस्यालाई उठान गरी उक्त समाजमा रहेको लैङ्गिक, शोषण, विभेद र वञ्चितीकरण जस्ता विषयलाई प्राथमिकतापूर्वक स्थान दिएका छन् । कथाकारले मूल कथ्य विषयका रूपमा समाजमा कुप्रथाको रूपमा रहेको बादी समुदायको जीवनवृत्तमा सामन्तवादी पितृसत्ताले नारीमाथि लैङ्गिक रूपमा गर्ने शोषण र विभेदका घटना र नियतिका रूपमा पितृसत्ताको विचारधारालाई स्वीकार गरेका नारीहरू विभेदमा परेको अवस्थालाई कथामार्फत् प्रस्तुत गरेका छन् । प्रस्तुत कथामा अभिव्यक्त भएका पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र लैङ्गिक सम्बन्धसम्बन्धी दृष्टिकोणको विश्लेषण तलका उपशीर्षकमा भएको छ ।

### चीत्कार कथामा पितृसत्ता

प्रस्तुत कथा पारिवारिक पितृसत्तात्मक विचारधारालाई अभ्यन्तरित रूपमा अङ्गीकार गरेका बादी समुदायका नारीहरूको जीवन सम्बद्ध रहेको छ । कथाकारले कथाका नारी पात्रलाई सामन्तवादी पितृसत्ताको पक्षधर तुल्याई तिनीहरूको मानसिकतामा विचारधाराका रूपमा रहेको पितृसत्तात्मक विचारधारालाई निरन्तरता दिने पात्रका रूपमा प्रस्तुत गरेका छन् । पितृसत्ताले नारीलाई भोग्याका रूपमा हेर्ने र उपभोग गर्ने विचारधाराकै निरन्तरताका रूपमा बूढी बदेनीले उसकी नातिनीलाई आउने सम्भावित ग्रहककालागि मानसिक रूपले तयार गर्ने कथाकारले चित्रण गरेको कथाको समाजमा अवशिष्ठ पितृसत्ताको निरन्तरता हो भने पितृसत्ताको विचारधारालाई परिवारको मुखियाको रूपमा रहेकी हजुरआमाको भूमिकामार्फत् प्रस्तुत गरिएको छ । आफ्नो प्रेम नातिनीप्रति सम्प्रेषण गर्ने बहानामा हजुरआमाले नातिनीप्रति बात्सल्य प्रस्तुत गर्ने क्रममा पितृसत्तात्मक विचारधाराको प्रस्तुतिसँगै नातिनीलाई आश्वस्त समेत तुल्याएकी छ 'नातिनीको टाउको मुसार्दै त्यसले भनी तिमीलाई तिनीहरूले रोजेनन् भने सुटुक्क तिमी सुत्न गए हुन्छ । मेरी प्यारी मायालाग्दी नातिनी (सापकोटा, २०६१ पृ. २२४) ।'' यस उद्धरणमा नारीले नचाहेर पनि कसैको बासनापूर्तिको साधन बन्नुपर्ने वादी समुदायका नारीहरूको विभेदकारी परिणतिलाई पुष्टि गरेको छ । बाध्यकारी परिस्थितिको सृजना भएको छ । यसमा पितृसत्ताधारी पुरूषले उमेर नपुगेकी बालिका माथि यौन शोषण गरेको छ र समाजमा विद्यमान पुरूष वर्चस्वको उदाहरण प्रस्तुत गरेको छ ।

प्रस्तुत साक्ष्यमा दुई युवकले पुरूष पात्रको प्रतिनिधित्व गरेका छन् भने नारीपात्रका रूपमा ६० वर्षे बूढी बदेनी, उसकी छोरी र नातिनी मञ्चीय पात्रका रूपमा कथामा प्रस्तुत भएका छन् । अन्य पात्रहरमा बूढी बदेनीको पुरूष रहेको छ जसको चर्चा कथामा एकचोटी मात्र भएको छ । युवकले यिनीहरूका बाबु खोइ त भन्दा बूढी बदेनीले रक्सी खान गएका छन् भनेर जवाफ दिने क्रममा उसको पति रहेको तर उसको पतिको कुनै पनि भूमिका कथामा प्रस्तुत भएको छैन । कथाकारले वादी समुदायका नारीहरूको समस्यालाई केन्द्रविन्दुमा राखी सृजना गरेको प्रस्तुत कथाको प्रमुख पात्रका रूपमा नारी पात्रका रूपमा बूढी बदेनी आएकी छ भने उसका दुई छोरी र एक नातिनी सहायक पात्रका रूपमा आएका छन् । लैङ्गिक प्रतिनिधित्वका दृष्टिले कथाका प्रमुख पात्रका रूपमा नारी चरित्रलाई प्रस्तुत गरिएको यस कथामा नारी र पुरूष पात्रबीचका सम्बन्ध शासक र शासितको रहेको छ । पुरूष बर्चस्वका सामु निरिह बन्दै पुरूषका भोग्या बन्दै परम्पराका

नाममा देहव्यापारलाई निरन्तरता दिने परम्परावादी रूढ दृष्टिकोणको प्रतिनिधित्व नारी पात्रले गरेका छन् । परम्परालाई अक्षुण्ण राख्न देह व्यापार जस्तो व्यवसाय गर्न बाध्य नारीको अवस्था चित्रण गरिएको यस कथामा शासकका रूपमा बदेनी नारीहरूलाई भोग्ने दुई युवक आएका छन् भने बुढी बदेनी, छोरी बदेनी र नातिनी बदेनी शाषित वर्गका रूपमा आएका छन् । बूढी बदेनीको छोरी र नातिनी अनि दुई युवकको सम्बन्ध भोक्ता र भोग्याको रूपमा रहेको छ । "यहाँभन्दा ठूलो काम के हुन्छ ? हाम्रो त यो पुस्तौनी काम हो । "(ऐजन, पृ. २२६) माथिको उद्धरणमा पितृसत्ताप्रदत्त ज्ञानको सञ्चार नारीका माध्यमबाट अभिव्यक्त भएको छ । नेपाली समाजको परिवेश पितृसत्तात्मक विचारधाराले ओतप्रोत छ । देह व्यापारलाई पुस्तैनी काम हो भनेर नातिनी बदेनीले भनेकी छे । उसलाई लागेको छ कि पूर्खाहरूले गरेको काम गर्नुपर्छ पूर्खाको बिँडो थाम्नुपर्छ । पूर्खाको बिँडो थाम्नुपर्छ भन्ने सामन्तवादी पितृसत्ताको विचारधारात्मक प्रतिनिधित्व र त्यसका आधारमा देहव्यापारलाई संस्कृतिका रूपमा अङ्गीकार गर्ने मानसिकताका कारण किशोरावस्थामा बलात्कृत हुने नारीमाथि दमनको क्रम विस्तार हुने सन्दर्भ यस उद्धरणमा प्रस्तुत भएको छ । प्रस्तुत साक्ष्य पारिवारिक पितृसत्तात्मक विचारधारालाई अभ्यन्तरित रूपमा अङ्गीकार गरेका बादी समुदायका नारीहरूको जीवन सम्बद्ध रहेको छ । कथाकारले कथाका नारी पात्रलाई सामन्तवादी पितृसत्ताको पक्षधर तुल्याई तिनीहरूको मानसिकतामा विचारधाराका रूपमा रहेको पितृसत्तात्मक विचारधारालाई निरन्तरता दिने पात्रका रूपमा प्रस्तुत गरेका छन । यहाँ नातिनी बदेनीले देह व्यापारका सम्बन्धमा आफ्ना विचार प्रस्तुत गरेकी छे र पितृसत्तात्मक समाजको पक्षधर बनेर उभिएकी छे । पुस्तैनी काम भएपनि तेस्रो पुस्तामा आइसक्दा देह व्यापार मै लाग्नुपर्ने थिएन । देह व्यापार छोडेर अरू नै पेशा अङ्गाल्ने आधार र सम्भाबना रहेतापनि बादी समूदायका तेस्रो पुस्ताले पनि सोही पेशा अङ्गालेको र त्यसमै खुसी भएको रमाएको देखिन्छ अन्य विकल्पहरू नखोजेको देखिन्छ ।

आफ्नो पुस्तैनी परम्पराको ढोङ्गमा आफ्नो जिन्दगी चढाएका बादी समूदायका महिलाहरू परम्परा मानेर रमाएको देखिन्छ । पितृसत्ताको आडमा आफूलाई खुसी भएको भान गर्दै थोत्रो आडम्बरको रबैया भएका देखिन्छन् । पितृसत्ताको विरोध गरेका महिला पात्र कथाभरि नै देखिएका छैनन् । देह व्यापार इतरका अन्य पेशाहरू पनि थिए अथवा मजदुरी गरी जीवन निर्वाह गरेको भएपनि हुनेथियो तर वादी महिलाहरूले परापूर्वको पेशा अङ्गालेका छन् । परम्परालाई बढावा दिएका छन् । परम्परा जोगाउनु भनेको चलिआएको पितृसत्तालाई आत्मसाथ गर्नु रहेको छ । यसर्थ माथिको उद्धरणले पितृसत्ताको प्रतिनिधित्व गरेको छ । "भोलि भोकै मर्नु छ भने जा?" (ऐजन, पृ. २२२) माथिको साक्ष्यमा भोको पेट अनि भोको पेटले निम्त्याएका विकृति, बाध्यता, करूणा, रूग्णता आदि इत्यादी कुराको चित्रण भएको पाइन्छ । परम्परा देखि चलि आएको देह व्यापार गरी जिविकोपार्जन गर्दै आएका बादी समूदायका महिलाहरू सम्पूर्णमा पितृसत्ता हावी भएको छ । बूढी बदेनीले सम्पूर्ण घरको जिम्मा लिएको र घर चलाएको कुराको उल्लेख छ । घर चलाउने क्रममा छोरी र नातिनीलाई देह व्यापारमा लगाएको प्रसङ्ग छ र बूढी आफूले पनि उमेर छँदा देह व्यापार गरेको किनकी देह व्यापार उनीहरूको पुस्तैनी काम भएको र यसलाई मासेर अन्य काम गर्न नहुने बूढीको ठहर छ । परापूर्व कालदेखि चली आएको काम गर्नुपर्ने विचारधाराबाट ओतप्रोत भएर बूढी बदेनी उक्त परम्परालाई धान्ने र कायम राख्ने कुरामा प्रतिबद्ध भएकी छे । सम्पूर्ण घर बूढीको खटनबाट चलेको हुनाले पितृसत्ता बूढी बदेनीका माध्ययमबाट कायम भएको पाइन्छ । उसले छोरी र नातिनीलाई घर चलााउने स्रोतका रूपमा प्रयोग गरेकी छे । यसै क्रममा नातिनीले राति अबेरसम्म बस्दा आँखा पिरो भयो सुत्न जान्छु भनेर प्रूताब गरेकी छे उक्त प्रस्तावको जबाफमा बूढी बदेनीले भोक भोकै मर्नु छ भने जा भनेर जवाफ दिएकी छे । यसबाट पनि थाहा पाउन सकिन्छ कि बूढी बदेनीले परिवारमा मुख्य पात्रको भूमिका निभाएकी छे ।

प्रस्तुत कथामा कसलाई कुन काम लगाउने कसरी परिवार चलाउने सम्पूर्ण जिम्मा बूढी बदेनीले लिएकी हुनाले उसले पितृसत्ताको ओहोदा लिएकी छे । यसरी माथिको उद्धरणमा बूढी बदेनीले पारिवारीक मुख्य भूमिका निर्वाह गरी माया, वात्सल्य र कर्तव्य निभाएकी छे । आज सुत्न जाँदा भोलि भोकै मर्नुपर्ने कुराको खुलासा गरी कर्तव्य कर्म गर्न अभिप्रेरित गरेकी छिन् । "काम चल्ने उमेरसम्म त मैले तेरो पनि वास्ता गरिन । तेरी छोरीको त कुरा छोडिदे । "(ऐजन, पृ.

२२५) कथामा अभिव्यक्त माथिको साक्ष्यमा लैङ्गिक सम्बन्धको कुरा आएको छ । परापूर्व कालदेखि चली आएको देह व्यापारलाई निरन्तरता दिदैँ आएका वादी समूदायका महिलाहरू देह व्यापारलाई पुस्ताको काम भनी स्वीकारेर जिविकोपार्जन गर्न बाध्य छन् । परिवारकी नाइके बूढी बदेनीले जीवन र जगतलाई राम्रोसँग बुझेकी छे, निहालेकी छे त्यसैले भोको पेटको ख्याल गरेर देह व्यापार जस्तो निच कामलाई अङ्गालेकी छे र यो उसको बाध्यता र परम्परा टिकाउने माध्यम दुबै हो । उनीहरको पविारमा बूढी बदेनीको सत्ता चल्छ । बूढीको निर्णयलाई कसैले टाल्न र पन्छाउन सक्दैन । परिवारमा माया र प्रेम पनि छ । ग्राहक कुरेर बसेकै प्रसङ्गमा बूढीले छोरीलाई काम चल्ने उमेरमा तेरो पनि वास्ता गरिन तेरी छोरीको त कुरा छाडिदे भनेर भनेकी छे । बूढी जवान हुन्जेल आफैंले काम चलाएको छोरीहरूको पनि आशा नगरेको प्रसङ्ग जोड्दै बूढीले आफू असक्त र बूढी भएपछि मात्रै छोरीहरूलाई काममा लगाएको कुरा गरेकी छे ।

कथामा छोरी बदेनीले आफ्नी छोरीलाई देह व्यापार जस्तो घृणित काममा लगाउन नचाहेको कुरा मौन रूपमा मात्रै अभिव्यक्त भएको छ । बूढी बदेनीका अगाडि कसैको बोलवाला नचल्ने हुनाले कसैले पनि बूढीको कुरा काट्न सक्ने क्षमता राख्दैनन् । छोरी, नातिनीहरूले बूढीलाई माया र सम्मान गरेको तथा बूढीले पनि आफ्ना सन्ततीहरूलाई माया गरेको प्रसङ्गबाट लैङ्गिक सम्बन्ध स्थापित भएको देखिन्छ । बूढीले सकेसम्म आफैँले काम गरेको कुराले पविारमा बूढीले छोरी तथा नातिीलाई माया गरेको खुलासा हुन्छ । लैङ्गिक सम्बन्ध स्थापित भएको बुझ्न सकिन्छ । “अनि यिनीहरूका बाबुहरू खोइ त ? त्यस घरमा रातको समयमा एउटा पनि पुरूष नदेखेपछि युवक सोध्छ ” (ऐजन, पृ. २२५) प्रस्तुत साक्ष्यमा बदेनी परिवारमा रताको समयमा एक जना पनि पुरूष नदेखेपछि आएका ग्राहक युवकहरूले सोधेका प्रश्नहर हुन् । नेपाली समाज पितृसत्ताको आडमा चलेको हुन्छ । पुरूष वर्चस्वले परिवार अडेको हुन्छ । पिता नै परिवारको मूली हुन्छ तर बादी परिवारमा तेसतो केही थिएन । घरमूली बूढी बदेनी थिई उसले नै घर चलाएकी थिई व्यवहार मिलाएकी थिई । पितृसत्ताको धोतकका रूपमा बूढी बदेनी थिई । घरमा उसले पुरूषकै प्रतिनिधित्व गरेकी थिई । छोरी नातिनीलाई काममा लगाउने घरखर्च जुटाउने तारतम्य मिलाउने सम्पूर्ण जिम्मा बूढी बदेनीको भएका कारण परम्परालाई थाम्ने पितृसत्तात्मक समाजको निर्माणमा योगदान दिएकी थिई । बदेनी परिवारमा लोग्ने मानिसको बिउ पनि थिएन । भएका तीनै ५ जना बदेनी नारीहरू थिए । बूढी बदेनीले सामाजिक, सांस्कृतिक भाष्यले निर्माण गरेको पितृसत्ता र पितृसत्ताले सृजना गरेको समाजको राम्रो प्रतिनिधित्व गरेको देखिन्छ । छोरी नातिनीलाई आफ्नो इच्छा बमोजिम चलाएर घर चलाएको कुरा प्रष्ट हुन आउँछ । बूढी बदेनीको निर्णयमा परिवाको कसैबाट पनि हस्तक्षेप नहुने र बूढीको निर्णय नै अन्तिम निर्णय हुने देखिन्छ । बूढीको कुरामा प्रतिरोध गर्न नसकेकै कारण छोरी बदेनीले आफनी चौध वर्षे छोरीलाई देह व्यापारमा होमेकी छे । परिवारमा लोग्ने मानिसहरूको अभाव भएको देखाइएको छ । रातको समयमा एक जना पनि पुरूष नभएर पनि गुजारा चलेको छ । ग्राहक कुरेर बस्ने परम्परा बसेको छ । यसै क्रममा पुरूष रहित घरपरिवार देखेर ग्राहक युवकले प्रतिप्रश्न गरेको छ यिनीहरूका बाबु खोइ त भनेर जुन अत्यन्त मार्मिक र कटु रहेको छ । यसरी यस उद्धरणले बूढी बदेनीले नै पितृसत्तात्मक परिवार र समाजको प्रतिनिधित्व गरेको छ ।

## लैङ्गिक विभेद

यौन वा लिङ्गका आधारमा हुने भेदभाव, अप्रतिनिधित्व, असमानता, वञ्चितीकरण, शोषण र भूमिकाविहीन अवस्थालाई लैङ्गिक विभेद भनिन्छ । पूस्तैनी यौनव्यवसायलाई आफ्नो बाँच्ने आधारका रूपमा ग्रहण गरेका बादी समुदायका नारीले जीवन बाँच्ने आधारका रूपमा सबै उमेर समूहका नारीहरू पुरूषको भोगवादी दृष्टिका सामु निरिह भई आफ्नो शरीर सुम्पन बाध्य रहेका छन् भने तिनको पेशागत पुस्तान्तरणका लागि स्वयं उनीहरू नै कारकका रूपमा प्रस्तुत भएका छन् । यस कथाको समाख्याताले सत्ता पक्षधरका रूपमा कथामा चित्रण गरेका पुरूष पात्रको उपस्थितिमार्फत् लैङ्गिक शोषणको अभिवृत्तिलाई निम्नलिखित सन्दर्भका माध्यमबाट प्रस्तुत गरेको छ ।

"युवकले अन्त्यमा चौध वर्षे नातिनीमा आँखा गाड्यो । खेल्ने र पढ्ने उमेरकी नातिनी अगेनुमा चुरोट तानिरहेकी छे ओठमा रातो निपिस्टिक लगाएकी छे । जबरजस्ती जवानीलाई नजिक ल्याएजस्तो, युवक त्यस नातिनीको गाला चिमोट्छ सबका सामुन्नेमा त्यस युवकका वलिष्ठ हातले दूधेगाला चिमोट्दा त्यसमा रातो डाम बस्छ । नातिनीलाई आनन्द आउँदैन पीडा हुन्छ" (सापकोटा, २०६१, पृ. २२५) ।

प्रस्तुत सन्दर्भमा समाख्याताले कुसंस्कारका रूपमा वादी समुदायमा स्थापित रहेको देहव्यापार र त्यसले सिर्जना गरेको विभेदकारी परिस्थितिलाई चित्रण गरेको छ । सामाजिक/सांस्कृतिक निर्मितिका रूपमा आफ्नो पुस्तैनी पेशाका रूपमा देहव्यापारलाई निरन्तरता दिएका वादी समुदायका तीन पिंढीको जीवनका उतारचढावलाई पृष्ठभूमिमा राखिएको यस कथामा तेस्रो पिंढीमा आइपुग्दा पेशागत निरन्तरता दिने सन्दर्भमा बलात्कृत हुन पुगेकी किशोरीको आर्तनादको प्रसङ्गका माध्यमबाट सामाजिक निर्मितिका कारण अन्यायमा परेकी नारीको वास्तविकता र त्यसले सृजना गरेको विभेदकारी सामाजिक व्यवस्था र नेपाली समाजको विचारधारालाई प्रष्ट्याएको छ । देहव्यापारलाई जीवन धान्ने आधार बनाएका तीन पिंढी पेशाका नाममा बलात्कृत भएका छन् भने उनीहरूको बाध्यताको फाइदा उठाएर समाजले तिनलाई आफ्नो वासनापूर्तिको माध्यम बनाएको छ । सिङ्गो समुदाय र समुदायका तीन पिंढी नै देहव्यापारमा संलग्न हुनु सामाजिक र आर्थिक निर्मिति हो । यही निर्मितिले उनीहरूको जीवनपद्धतिलाई देहव्यापार गर्न बाध्य तुल्याएको छ । एकछाक खान र एकसरो लाउने प्रयोजनकै लागि हजुरआमादेखि नातिनीसम्मको पिंढी ग्राहकको प्रतिक्षामा अहोरात्र बसेका छन् । हजुरआमा र आमालाई नातिनीप्रति सहानुभूति रहे पनि भोकका सामु आत्मसमर्पण गरेका वादी समुदायका नारीको यो अवस्थाको प्रमुख कारक पारिवारिक पितृसत्ता रहेको छ । नातिनीलाई यस पेशामा लाग्नका लागि दबाव सिर्जना गर्ने अघिल्ला दुई पिंढीमा रहेको विचारधाराले पछिल्लो पिंढीको जीवनलाई बेचिनबाट बचाउनुको साटो आफ्नै सामु बेचेर आफ्ना आवश्यकताको पूर्ति र जोहो गर्ने परिस्थितिको निर्माण गरेको छ । आफ्नो पुस्तैनी पेशालाई अङ्गीकार गरी जविन निर्वाह गर्ने क्रममा बलात्कृत भएकी नातिनी वदेनी माथि भएको घटना लैङ्गिक विभेदको उत्कर्षका रूपमा रहेको छ । समाख्याताले जीवन निर्वाहका लागि परम्परागत पेशा र शरीर बेच्ने र बन्धक तुल्याउनका लागि जातीय विधान निर्माण गरी प्राकृतिक संरचनालाई नै विभेदको कारक तुल्याउने सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरेको छ ।

"त्यसको लगत्तै एकछिनपछि चीत्कार सुनियो मानवचीत्कार । पीडायुक्त चीत्कार । त्यो चीत्कार माथिबाट ओर्लिएर तिनीहरू बसेको ठाउँमा आयो । त्यो चीत्कार धेरैबेर त्यहाँ अडेन । बाहिरियो । वायुमण्डलमा फैलियो । वायुमण्डलमा पुगेपछि चीत्कार चट्याङमा बदलियो । एउटा आगोको लप्का । त्यो बज्रनका लागि ठाउँ खोजी रहेको थियो मडारिरहेको थियो । सारा प्रदेशलाई चर्काउँदै" (ऐजन, पृ. २२७) ।

कथाको यस सन्दर्भले समाजले निर्धारण गरेको पितृसत्ताको विचारधारालाई अङ्गीकार गर्ने नाममा पारिवारिक पितृसत्ताका कारण बलात्कृत भई मृत्युवरण गरेकी किशोरीले सामना गरेको परिस्थिति र पीडाको चित्रण गरेको छ । कथाकारले हजुरआमादेखि नातिनीसम्मलाई भोग गरेको समाजले नातिनीको गरिबी र अभावलाई वासनापूर्तिको साधनका रूपमा उपयोग गर्दा सृजना भएको लैङ्गिक विभेदको उत्कर्षका रूपमा प्रस्तुत गरेका छन् । समाजले निर्माण गरेको पितृसत्तात्मक विचारधारा र त्यही विचारधारालाई आत्मसात गरेको परिवारका कारण बलात्कारको मारमा परेकी १४ वर्षकी किशोरीको कारूणिक स्थितिका माध्यमबाट लैङ्गिक विभेदको पुष्टि गर्न कथाकार सफल रहेका छन् । यस साक्ष्यका अतिरिक्त हजुरआमा पिंढीको प्रतिनिधित्व गर्ने बूढी वदेनी आफैं पनि आर्थिक उपार्जनका लागि बलात्कृत हुनुपर्ने अवस्थालाई कथाले चित्रण गरेको छ । उमेर नपुगेकी बालिकालाई बलात्कार गर्ने युवकले दिएको पिडाबाट आएको चीत्कार सारा वायुमण्डलमा फैलिएको थियो । जीवन निर्वाह गर्नका लागि बलात्कृत हुनुपर्ने वादी समूदायको बाध्यता अनि खराब परम्परा एकैसाथ कथामा प्रस्तुत भएको छ बालिकाको चीत्कार चट्याङमा बदलिएको प्रसङ्ग छ । नारीले भोग्नु

परेको पीडा अनि रोदन सारा वायुमण्डललाई थर्काउँदै फैलिएको प्रसङ्ग माथिको साक्ष्यमा प्रस्तुत भएको छ । वायुमण्डलमा नारीको चीत्कार गुञ्जिएको प्रसङ्ग निकै नै मर्माहत छ । नारी हरेक कोणबाट असुरक्षित हुन्छन भन्ने कुरा पनि चीत्कार कथा अनि माथिको साक्ष्यले पुष्टि गरेका छन् । उमेर नपुगेका नारी पनि असुरक्षित छन् सानैदेखि नारीले असुरक्षाको महसुस गर्दछे र डर अनि त्रासमा नारी बाँच्न बाध्य भएको कुराको पुष्टि माथिको यो साक्ष्यले गर्दछ

प्रस्तुत कथामा समाज तथा सामाजिक संरचना भित्र लिङ्गका आधारमा हुने शोषण र विभेदलाई देखाउन खोजिएको छ । नारी पात्रहरू लिङ्गका आधारमा हेपिएका शोषिएका र दमन गरिएका छन् । यसको प्रमुख कारकका रूपमा सामन्तवादी पितृसत्तात्मक विचारधारा रहेको छ । यस कथाका पात्रहरू सामन्तवादी विचारधारा र परम्परावादी विचारधाराबाट प्रभावित छन् । ''तिनीहरू प्रतिक्षा र परीक्षामा बसेका छन् । परीक्षाको घडी एकदिनमा बीसपल्टसम्म हुन सक्छ । कसैले भन्न सक्दैन । अनि प्रतीक्षा । प्रतीक्षा, यो त पुस्तौं देखिको हो । जीवन प्रतीक्षामै बित्छ'' (पृ. २२२) । प्रस्तुत साक्ष्यमा बदेनी नारीहरू पुरूषको प्रतीक्षामा बसेका छन् । यो प्रतीक्षा उनीहरूका लागि परीक्षाका रूपमा रहेको छ भने उनीहरूको परीक्षा भन्नु नै जिजीविषासँग जोडिएको छ । गरिबी र भोकको कारण देहव्यापार गर्न बाध्य बादी समुदायका नारीहरूको जीवनको अग्निपरीक्षाका रूपमा रहेका ग्रहकको प्रतिक्षाले एकातिर उनीहरूको सामाजिक/सांस्कृतिक अवस्थितिलाई बोध गराएको छ भने अर्कोतिर सामन्तवादी पितृसत्ताले सृजना गरेको नारी विभेदको सान्दर्भिकतालाई पुष्टि गरेको छ । गरिबिका कारण देह व्यापार जस्तो घृणित काम गर्न बादी समुदायका नारी वाध्य छन् । भोको पेट जस्तो ठूलो केही हुँदैन भोको पेटले मानिसलाई जस्तोसुकै काम गर्न पनि बाध्य बनाउँछ भन्ने कुराको खुलासा माथिको साक्ष्यमा भएको छ । ग्राहकका प्रतिक्षामा बसेका बादी नारीहरू कतिबेला कोही पुरूष आउला र पेट भर्न पाइएला भनेर कारूणिक पर्खाइमा छन् । कुनै ग्राहक आएन उनीहरूलाई भोगेन भने उनीहरूका पेट भोकै हुने हुँदा उनीहरू प्रतिक्षामा छने र यो प्रतिक्षा उनीहरूका लागि परीक्षा पनि हो । जसलाई ग्राहकले रोज्छ उसले देह व्यापार गर्न बाध्य हुनुपर्छ । ग्राहक नआएको खण्डमा पेट भोको रहन्छ । त्यसैले प्रतिक्षाको ति पलहरू उनीहरूका लागि परीक्षाको पल पनि हुने गर्दथ्यो ।पुरूष प्रतिक्षा उनीहरूको पुस्तेनी थियो । उनीहरूको जीवन प्रतिक्षामै बित्दथ्यो । परीक्षाको घडी एकदिनमा बीसपल्टसम्म हुन सक्थ्यो । प्रतिक्षा बादी समूदायको बाध्यता, पुस्ताको चलन तथा भोको पेटलाई भरण गर्ने माध्यम थियो । प्रतिक्षा गर्न उनीहर बाध्य थिए । प्रतिक्षा र परीक्षा बादी नारीको दिनचर्या भएको प्रसङ्ग माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

**नारीवाद**

नारीवादलाई सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा महिलाका पक्षमा निर्माण गरिएको दार्शनिक र वैचारिक मान्यताका रूपमा परिभाषित गर्न सकिन्छ । प्रस्तुत कथामा नारीबादी चेतना पनि कहीँकतै देखिन्छ । कथामा नारीले नारीका लागि बोलेको प्रतिवाद भएका सन्दर्भलाई समाख्याताले निम्नलिखित सन्दर्भका माध्यमबाट प्रस्तुत गरेको छ ।

> ''त्यो जान्छे भने जाओस् न त हामीहरू छँदैछौं, छोरी बदेनी प्रस्ताव राख्छे त्यसलाई यो उमेर खेल्ने, खाने हो, खेलाउने होइन । अझ शहर बजारका मान्छेको कुरा गर्ने हो भने पढ्ने उमेर हो, स्कुलमा पुस्तक च्यापेर जाने । अहिले पुरूष च्यापेर बस्ने उमेर होइन । पुस्तक र पुरूषमा धेरै फरक छ, यो उसले थाहा पाएकी छ ।'' ( सापकोटा, २०६१ पृ. २२३)

प्रस्तुत उद्धरणमा बूढी बदेनीले आफ्नी चौध वर्षे नातिनीलाई युवकहरूले नरोजेको खण्डमा सुत्न जाने आश र विश्वास दिलाउँछे । नातिनीलाई युवकहरूले नरोजुन र नातिनी सुत्न पाओस् भन्ने बूढी बदेनीको चाहना हो । यस साक्ष्यमार्फत् बूढीले नातिनीलाई माया देखाएकी छे र यही नारीवादी चेतनाका रूपमा प्रस्तुत भएको छ । हजुरआमाले

नातिनीलाई सहानुभूति दिने सन्दर्भमा प्रस्तुत भएको यस सन्दर्भमा कथाकारले जीवन निर्वाहका नाममा शरीर बेच्नुपर्ने समुदायको दीनहीन अवस्थालाई सङ्केत गरेको छ भने सामाजिक कुप्रथालाई पेशाका रूपमा अङ्गीकार गर्ने कुसंस्कारका कारण शोषित बनेका नारीको अवस्थालाई पनि पुष्टि गरेको छ।

प्रस्तुत कथामा समाख्याताले बूढी बदेनीका माध्यमबाट नारीवादी दृष्टिकोणलाई प्रस्तुत गरेका छन्। नातिनीको रक्षार्थ बूढी बदिनीले नातिनीलाई सुत्न जान पाउने आशा राखेकी छे। जीवन निर्वाह र आफ्ना पुस्ताहरूले गर्दै आएको देह व्यापारमा आफू लगायत छोरी र नातिनी गरी तीन पुस्ता नै रोजिन बसेको प्रसङ्ग उल्लेख छ साथै रोजिने क्रममा अधवैंशे छोरी रोजियोस भनिएकोमा चौध वर्षे कलिली नातिनी रोजिएको दर्दनाक प्रसङ्ग छ। नातिनीको उमेर खेल्ने खाने हो र खेलाउने होइन अझ भन्नुपर्दा किताब च्यापेर स्कुल जाने हो भनी नारीवादी प्रतिरोधको विचार व्यक्त भएको छ। पुस्तक र पुरूषको फरक के हो बुझेको प्रसङ्गबाट कथामा नारीवादी दृष्टिकोण प्रस्तुत भएको छ। चौध वर्षे नातिनीलाई नरोजुन भन्ने दृष्टिकोण नारीवादी दृष्टिकोण हो। बूढी बदेनीले नातिनीको रक्षा गर्न खोज्नु नै नारीवादी धारणा हो। त्यसकारण यी साक्ष्यमा नारीवाद प्रचुर मात्रामा रहेको देखिन्छ। ''मोरालाई अगुल्टाले हान्छु अनि'' (ऐजन, पृ.२२३)। माथिको साक्ष्यमा मानिसको जीवनको गोपनियता, रहस्य आदिको प्रस्तुतीकरण गरिएको छ। प्रत्येक मान्छेको वैयक्तिक जीवन रहने तथा उक्त वैयक्तिक जीवनको बारेमा दोस्रो व्यक्तिले अनावश्यक चासो र चर्चो गर्ने क्रममा आफ्नो स्वत्वलाई जोगाउने सन्दर्भमा बूढी बदेनीको उद्गार स्वरूप प्रस्तुत उद्धरण आएको हो। घरमा ग्राहकहरू आएर इतरिदै, जिस्कदै गर्दा बूढी बदेनीलाई जिस्काएको र बूढी बदेनीले आफूलाई जोगाउने तथा आफ्नो स्वत्वको रक्षा गर्ने क्रममा मोरालाई अगुल्टोले हान्छु अनि भनेर आफ्नो रक्षा गरिएको छ। मान्छेले जुन पेशा अपनाए पनि व्यक्तिको वैयक्तिक जीवन हुन्छ उसको जीवनको गोपनियताहरू, रहस्यहरू हुन्छन र यी कुराहरू नितान्त वैयक्तिक हुन्छन् यस्ता कुराहरलाई अन्य मानिसहरू भएका ठाउँमा अझ भनौं सार्वजनिक ठाउँहरूमा अभिव्यक्त गर्न नमिल्ने हुन्छ।

कथामा ग्राहक केटोले सबैका सामु बूढी बदेनीलाई उसको स्वत्वमा प्रश्नचिन्ह आउने गरी जिस्काउँछ जसको उत्तर स्वरूप बूढी बदेनीले मोरालाई अगुल्टोले हान्छु अनि भनेकी छिन्। बूढी बदेनीले आफ्नो रक्षा स्वरूप मोरालाई अगुल्टोले हाल्छु अनि भनेर नारीवादी दृष्टिकोण प्रस्तुत गरेकी छिन्। नारीले नारीका लागि गरिने रक्षा नारी अधिकार नारी हक आदि इत्यादी नारीवाद अन्तर्गत आउने कुराहरू हुन यहाँ नारीले प्रतिरोध तथा रक्षा दुवै गरेकी छिन त्यसकारण माथिको साक्ष्य नारीवाद ओतप्रोत भएको साक्ष्य हो। देह व्यापार जस्तो पेशा घृणित र तुच्छ भएपनि व्यक्तिको स्वाभिमान हुने र उसको आफूकाप्रति आत्म सम्मान हुने हुँदा इज्जत सबैको हुन्छ भन्ने सामाजिक मान र प्रतिष्ठा पनि जोडिएको छ। सामजिक धारभित्र जोडिएको मानिस आफ्नो जीवन निर्वाहका पाटालाई एकातिर थााती राखेर आफ्नो इज्जत प्रति संवेदनशील रहन्छ भन्ने कुराको खुलासा कथाको यो साक्ष्यमा भएको छ। आफूलाई चुरोट निकाल्दा उत्ताउली भन्छे "कस्तो दया नभएको मान्छे, सुतिरहेकी आमालाई दिनु पर्दैन ?" (ऐजन, पृ. २२५)। माथिको साक्ष्यमा नारीवादी विचारधारा प्रष्फुटित भएको पाइन्छ। छोरीहरू मध्येकी उत्ताउली छोरी बदेनीले ग्राहकसँग चुरोट मागेपछि आफ्नी आमालाई पनि चुरोट दिनुपर्ने विचार राख्दै कस्तो ददया नभएको मान्छे सुतिरहेकी आमालाई दिदनु पर्दैन भनेर आमाका तर्फबाट पनि चुरोट माग्ने काम गरेकस् छे। यस प्रसङ्गबाट यस उद्धरणमा नारीवाद प्रस्तुत भएको छ भन्न सकिन्छ किनकी नारीवादले नारीका विषयमा बोल्छ, नारीका लागि बोल्छ। यस प्रसङ्गमा छोरी बदेनीले आफ्ना आमाका लागि बोलेको पाइन्छ। नारीले नारीका लागि उठाएको आवाज, अधिकार नारीवाद हो। यहाँ कुनै गहन विषयमा बोलेको नभएतापनि आमालाई पनि चुरोट दिइनुपर्ने कुरामा आवाज उठाइएको छ।

नारीले नारीका प्रति देखाएको आदरभाव, माया र सम्मानको विषय रहेको छ। पुस्ताले चलाएको परम्परालाई धान्दै आएका वादी परिवारको तीन पुस्तामा एक आपसमा माया, प्रेम, सम्मान, आदरभाव पाउन सकिन्छ। सुतिसकेकी

आमाको भागमा पनि चुरोट पर्नुपर्ने कुराबाट छोरी बदेनीले पनि आमालाई अत्यन्त माया गरेको भाव एकातिर बुझ्न सकिन्छ भने अर्कोतिर आर्थिक अभावका कारण चुरोट खाने रहर अर्थात चुरोटको तलतल पनि ग्राहकहरूबाटै पूर्ति गर्नुपर्ने बाध्यता प्रष्ट हुन्छ । यसकारण आमाका भागको चुरोट पनि मागिराखे आमाको पनि भाग टर्ने जोहो भएको छ । आर्थिक अभाव जस्तो पिडादायक कुरा केही नभएको कुरा पनि माथिको उद्धरणले प्रष्ट पारेको छ । नारीले देहव्यापार जस्तो कुकर्म गर्नुपरेको बाध्यताको प्रस्तुती भएको छ । भोको पेटका लागि जस्तोसुकै कर्म गर्न पनि मानिस तयार रहेको कुरा पनि माथिको उद्धरणमा आएको छ । आर्थिक अभावको परिपूर्तिका लागि विवश नारीको चित्रण कथाभरि नै भएको छ । परिवारमा नारीले नारीका प्रति गरेको माया, आदर, सम्मान पनि प्रस्तुत भएको छ ।

**लैङ्गिक प्रतिरोध**

प्रस्तुत कथामा कथाकारले आंशिक रूपमा लैङ्गिक प्रतिरोध प्रस्तुत भएको छ भने लेखकीय विचारधाराका रूपमा प्रतिरोधको विषयले मूर्तता र गति प्राप्त गरेको छ । कथामा समाख्याताले कथामा फरक सन्दर्भमा भएको वर्गीय विभेदको अन्तर्साक्ष्यमा लेखकीय प्रतिरोधी चेतनालाई प्रस्तुत गरेका छन् ।

> “गाउँलहरूले भने धेरै वर्ष अघि पनि यस्तै चटयाङ बज्रिएको थियो र त्यतिखेर कलिला बालकलाई मालिकले गोरू बनाएर खेतमा जोतेका थिए । त्यो दिन ती दुवै बालकको मृत्यु भएको थियो । त्यही बेला देखि नै किंवदन्ती त्यस गाउँमा चलेको थियो, अमानवीयताको चरम यस्तो हुन्छ । ... ... ... बूढी जुरूक्क उठी र कराई मेरी प्यारी नातिनीलाई मोराले मार्‍यो कि क्या हो ? बूढीले रोएको तिनीहरूले नदेखेको नसुनेको धेरै भएको थियो, आज तिनीहरूले देखे । बूढी अत्तालिएकी थिई र बर्बराउँदे थिई तिमीहरू गएर किन हेर्दैनौ ? मोराले मार्‍यो कि क्या हो ?” (ऐजन, पृ. २२७) ।

प्रस्तुत सन्दर्भमा कथाकारले सामन्तवादी पितृसत्तात्मक विचारधाराले निर्माण गरेको ज्ञानको प्रसारणका क्रममा विभेदमा परेका नारी समुदायमाथि भएको विभेदको प्रतिकारलाई लेखकीय अभिवृत्तिको प्रमाणका रूपमा आएका छन् । कथाकारले नेपालको सामाजिक संरचना सामन्तवादी पितृसत्तात्मक रहेको र त्यसको निर्मितिका रूपमा वादी समुदायका नारीले देहव्यापारलाई नै जीवननिर्वाहको माध्यम अवलम्बन गर्नुपर्ने बाध्यात्मक शोषणवृत्तिको निरन्तरताका कारण किशोरावस्थाकी नारीले बलात्कारको सामना गरी जीवन त्याग गर्नुपर्ने अवस्था सृजना हुनपुगेको सन्दर्भलाई सामन्तवादी समाजमा रहेको वर्गीय विभेदको अन्तर्साक्ष्यमार्फत प्रस्तुत गरेका छन् । कथाकारले त्यस्ता सामाजिक कुप्रथाका रूपमा समाजभित्र रहेका विचारधाराका कारण समाजको निम्नवर्ग र त्यसमा पनि विशेष गरी नारी समुदायको कुनै पनि उमेर समूह सुरक्षित रहन नसकेको र नसक्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । वर्गीय सन्दर्भसँगै लैङ्गिक सन्दर्भलाई जोडेर प्रतिरोध चेतनालाई प्रस्तुत गरेका कथाकारको लेखकीय प्रतिरोधले सामन्तवादी समाज व्यवस्थामा वर्गीय शोषण र विभेदसँगै जातीय र लैङ्गिक विभेदको शृङ्खला समावेश भएर आउने सन्दर्भलाई परस्परमा अन्वय गराई वर्गीय प्रतिरोधको सन्दर्भलाई ऐतिहासिकतासँग जोडी समाजमा कुप्रथाका रूपमा रहेको सामाजिक निर्मितिले नै समाजलाई वर्ग, जाति र लैङ्गिक संरचनामा शोषण र विभेद सृजना भई सामाजिक रूपमा स्थापित रहेको तथ्यको पृष्ठपोषण गरेका छन् । पारिवारिक पितृसत्ताकी मुखियाका रूपमा रहेकी हजुरआमा अर्थात् बूढी वदेनीको प्रतिरोधी चेतना यस सन्दर्भमा आए पनि उक्त प्रतिरोधी चेतनाले ठोस मूर्तता प्राप्त गरेको छैन । बूढी वदेनीको पितृसत्तात्मक विचारधाराका कारण जिजीविषाका नाममा बलात्कृत हुनपुगेकी नातिनीको विभेदीकृत अवस्था सृजना हुनुको उत्तरदायी स्वयं उसकी हजुरआमा रहेकी छ ।

कथामा अभिव्यक्त बूढी वदेनीको प्रतिरोधी विचारमा लैङ्गिक प्रतिरोधका तुलनामा जिजीविषाको प्रश्न र त्यससँग जोडिएर आउने समस्याको निराकरणसँग सम्बन्धित रहेको छ । आफ्ना दुईपिंढीले देहव्यापारलाई नै बाँच्ने आधार

बनाई बृद्धावस्था र प्रौढावस्थामा प्रवेश गरिसकेको सन्दर्भमा आउने दिनमा बाँच्ने आधारमा रूपमा नातिनीलाई तयार गर्नुपर्ने विचारधाराबाट प्रेरित रहेकी हजुरआमाका कारण मृत्युवरण गरेकी नातिनीप्रतिको सहानुभूति र आक्रोशले लैङ्गिक प्रतिरोधलाई सशक्त तुल्याउन नसकेको सन्दर्भ निम्नलिखित सन्दर्भमार्फत् समाख्याताले प्रस्तुत गरेको छ।

> "युवक त्यस नातिनीको गाला चिमोट्दछ सबका सामुन्नेमा। त्यसका आमा र हजुरआमाको सामुन्नेमा। त्यस युवकको बलिण्ठ हातले दूधेगाला चिमोट्दा त्यसमा रातो डाम पर्छ। नातिनीलाई आनन्द आउँदैन पीडा हुन्छ। जबरजस्ती हात हटाउँछे र पीडालाई शब्दबाट व्यक्त गर्छे –कस्तो लाज नभएको मान्छे ! आमाका अगाडि जे पायो तेही गर्ने।"(ऐजन, पृ. २२५)

प्रस्तुत साक्ष्यमा नातिनीको प्रतिरोधी चेतना प्रष्फुटन भएको छ। लैङ्गिक हिँसाका विरोधमा नातिनीले आवाज उठाएकी छे जबरजस्ती हात हटाएकी छे। ग्राहक पर्खेर बसेको भए पनि आफूलाई पीडा हुँदा ग्राहकका प्रति नै आवाज उठाएकी छे। रोजीरोटी र पुस्ताको परम्परा धान्न लागेकी नयाँ पिँढीले प्रतिरोधी भावना उजागर गरेको त देखिन्छ तर प्रतिरोध सामान्य खालको मात्रै देखिन्छ। युवकको बलिण्ठ हातले कलिला गाला चिमोट्दा आफूलाई पीडा भएको र त्यसको प्रतिरोध गरेको अवस्था छ तर प्रतिरोध सामान्य छ त्यस प्रतिरोधले कुनै मूर्त रूप लिएको छैन। लैङ्गिक हिँसा विरूद्ध खुलेर प्रतिरोध गरेको देखिएपनि त्यसले हिँसा मुक्त हुने बाटो दिएको देखिँदैन चौध वर्षे नानिनी बलात्कृत भएकी छे। माथिको साक्ष्यबाट कथाकारले लैङ्गिक प्रतिरोधी चेतना देखाउन खोजे पनि त्यसले कुनै मूर्त रूप लिएको देखिदैन।

बादी समूदायकी तेस्रो पिँढीका रूपमा देखा परेकी नातिनीले ग्राहकले गालामा चिमोटेको र त्यसलाई प्रतिकार गरेको अवस्था छ। बलिण्ठ हातले कलिला गाला चिमोट्दा गालामा डाम बसेको र नातिनीलाई आनन्द नआएको तथा नातिनीले त्यसको प्रतिरोधमा जबरजस्ती हात हटाएर कस्तो लाज नभएको मान्छे आमाको अगाडि जे पायो तेही गर्ने भनेको प्रसङ्ग छ। नातिनीबाट प्रतिरोध त भएको छ तर त्यसले कुनै मूर्त रूप लिएको देखिँदैन। नातिनीले आफूलाई बलात्कृत हुनबाट रोक्न सकेको देखिँदैन। लैङ्गिक हिँसाका विरूद्धमा सामान्य आवाज मात्रै उठेको छ। कथाकारले प्रस्तुत साक्ष्यका माध्ययमबाट प्रतिरोधी चेतना उजागर गराएका छन्। "यस्ता फोहोरी कुरा गर्ने भए तपाईँ अन्त जानोस्। अन्त नै बस्नोस्" (ऐजन, पृ. २२३)। माथिको साक्ष्यमा प्रतिरोधी चेतना उजागर भएको छ। आफ्नी आमालाई ग्राहक युवकले जिस्काउने प्रसङ्गको प्रतिउत्तरमा माथिको साक्ष्य उजागर भएको हो बूढी बदेनीकी सबभन्दा ठूली छोरीले माथिको वाक्य बोलेकी हुन पुस्तैनी पेशा देह व्यापार थेग्दै आएका र यसैबाट जिबिकोपार्जन गरेका बदेनीहरूले भलै देह व्यापार गरेपनि उनीहरूको पनि इज्जत र आत्मसम्मान हुन्छ भन्ने धारणाबाट माथिको साक्ष्य उजागर भएको हो। ग्राहक युवकले बूढी भइसकेकी बदेनीलाई बेइज्जत हुने खालको प्रश्न गरेको र उसको प्रश्नको उत्तरमा जेठी छोरीले दिएको जवाफ माथिको साक्ष्यमा आएको छ। यस्ता फोहोरी कुरा गर्ने भए तपाईँ अन्त जानोसे अन्त नै बस्नोस् भनेर प्रतिकार गरेकी छे। समाजमा नारीलाई लिङ्गका आधारमा निकै विभेद गरिएको पाइन्छ। पितृसत्तात्मक समाजमा नारीलाई सीमान्तीकृत गरिएको पाइन्छ। समाजमा पढेलेखेका र स्वावलम्बी नारीको त कदर भएको पाईदैन भने यहाँ त गरिब अनि देह व्यापार गर्ने नारी पात्रहरू छन्। उनीहरूमाथि सम्मान, आदर हुने कुरै भएन अत नारीलाई गिराएर सोधिएको प्रश्नमा माथिको जवाफ आएको छ। फोहोरी कुरा नगर्न आग्रह गरिएको छ। यस्ता फोहोरी कुरा गर्ने भए अन्तै बस्न पनि भनिएको छ। माथिको साक्ष्यमा नारीमा आएको प्रतिरोधी चेतनाको प्रस्तुतीकरण भएको छ। ग्राहक भड्किएको खण्डमा त्यस दिनको रोजिरोटि अड्कने नाजुक अवस्थाको पनि प्रवाह नगरीकन छोरी बदेनीले प्रतिरोध गरेकी छिन्। त्यो अपरिचितले बदेनीको पनि कुनै निजी क्षण हुन्छ भन्ने कुरा कल्पना नै गरेन। यस्तो लज्जास्पद प्रश्न एकान्तमा सोध्नुपर्ने थियो तर उसले परिवारका यानिकी छोरीहरू र नातिनीका अगाडि सोधिदियो। यसरी अपरिचित युवक जो ग्राहक बनेर आएको छ उसलाई गरिएको प्रतिरोधको सन्दर्भमा माथिको साक्ष्य आएको छ।

**निष्कर्ष**

कथाकार ध्रुव सापकोटाले समकालीन नेपाली कथा परम्परामा सामाजिक समस्यामूलकतालाई आख्यानीकरण गर्ने कथाकारका रूपमा पहिचान बनाएका छन् । प्रस्तुत चीत्कार २०५१ सालमा गरिमा पत्रिकाको जेठ अङ्कमा प्रथमपटक प्रकाशित भएको कथा हो । कथाकारले प्रस्तुत कथामा अधिकतर कथामा नेपाली समाजअन्तर्गतको पश्चिम क्षेत्रमा रहेको सामाजिक संरचनाभित्र रहेका बादी समुदायका नारीहरूको जनजीविका र समस्यालाई उठान गरी उक्त समाजमा रहेको लैङ्गिक, शोषण, विभेद र वञ्चितीकरण जस्ता विषयलाई प्राथमिकतापूर्वक स्थान दिएका छन् । कथाकारले मूल कथ्य विषयका रूपमा समाजमा कुप्रथाको रूपमा रहेको बादी समुदायको जीवनवृत्तमा सामन्तवादी पितृसत्ताले नारीमाथि लैङ्गिक रूपमा गर्ने शोषण र विभेदका घटना र नियतिका रूपमा पितृसत्ताको विचारधारालाई स्वीकार गरेका नारीहरू विभेदमा परेको अवस्थालाई कथामार्फत् प्रस्तुत गरेका छन् । असमान आर्थिक वितरण रहेको नेपाली सामाजिक संरचनामा पितृसत्ताले नारीवर्गलाई वासनापूर्तिको साधन ठानी उपभोग गर्ने, बलात्कार गर्ने तथा बलात्कारकै कारण मृत्युवरण गर्नुपर्ने नारीको शोषित अवस्थाको प्रस्तुति भएको छ । नारी विभेद र वञ्चितीकरणका कारण पितृसत्ताको वासनात्मक एषणा परिपूर्ति गर्ने साधनका रूपमा परिभाषित रहेका नारी समुदायको सचेत र संगठित प्रतिकार नरहेको यस कथामा सांस्कृतिक सञ्चेतनाको प्रस्तुति सबल रूपमा भएको छ । कथाकारले समाजमा रहेको लैङ्गिक शोषण, विभेद, नारीवादी दृष्टिकोण र लैङ्गिक प्रतिरोधलाई लेखकीय विचारधाराका रूपमा रूपमा प्रस्तुत गरेका छन् । नारीलाई भोग्याका रूपमा हेर्ने सामन्दवादी पितृसत्तात्मक दृष्टिकोणका कारण विभेदमा परेकी बादी समुदायका तीनपिंढी नारीहरू पुरूष वर्चश्व र पितृसत्ताको दमन र विभेदमा परेको कथाका रूपमा प्रस्तुत कथालाई उभ्याएको निष्कर्ष हुनआउँछ ।

**सन्दर्भ सामग्रीसूची**


अनामिका, (सन् २००१). स्त्रीत्व का मानचित्र. सारांस प्रकाशन ।

गौतम, कृष्ण (२०५९). आधुनिक आलोचनाः अनेक रूप अनेक पठन. (दो सं. साझा प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६९). नेपाली उपन्यासमा लैङ्गिकता. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

बराल, ऋषिराज (सम्पा). (२०६१). नेपाली कथा भाग ३. ते. संस्क.. साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६८). लैङ्गिक अध्ययन. 'रत्न बृहत् नेपाली समालोचना'. (सम्पा.). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. भृकुटी एकेडमिक पब्लिकेसन ।

भट्टराई, रमेशप्रसाद (२०७७). सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ. भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण. भुँडीपुराण प्रकाशन ।

ग्लोभर, डेबिट एण्ड कोरा कप्लान (सन् २००७). जेण्डर. रोटलेज पब्लिकेसन ।

साँस्कृत्यान, राहुल (सन् २००८). मानव समाज. एघारौं संस्क. इलाहाबाद. लोकभारती प्रकाशन ।